**खनियाबास गाउँपालिकाद्धारा प्रकाशित**

# स्थानीय राजपत्र

**वर्ष : ८** **अंक : ६** **मितिः२०८१/११/०७**

**भाग : २**

## खनियाबास गाउँपालिका आर्थिक सहायता सम्बन्धि संसोधित कार्यविधि, २०८१

### प्रस्तावना:

यस खनियाबास गाउँपालिकामा रहेका विभिन्न, असहायहरु, विभिन्न रोगबाट पिडित तथा ग्रसित दिर्घरोगि, दुर्घटनामा परेको, शल्यक्रिया गर्नुपर्ने अवस्थामा रहेको, अन्य जन्तुहरुबाट पिडित व्यक्तिहरु, आगलागी तथा बढीपहिरो पिडित व्यक्तिहरु र सामाजिक क्षेत्रमा क्रियाशील संघ, संगठनहरु संगको सहकार्य तथा सहयोगको अपेक्षालाई ब्यबस्थापन गर्न खनियाबास गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम खनियाबास गाउँपालिका आर्थिक सहायता सम्बन्धि कार्यविधि, २०७९ बनाई गाउँकार्यपालिकाको बैठकबाट पारित गरि जारि गरिएको छ । साथै खनियाबास गाउँपालिका आर्थिक सहायता सम्बन्धि संसोधित कार्यविधि, २०८१ जारि गरिएको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१)यो कार्यविधिको नाम **"खनियाबास गाउँपालिका आर्थिक सहायता समबन्धि कार्यविधि २०७९"** रहेको छ।

(२)यो कार्यविधि तुरुन्त लागु हुनेछ।

**२. परिभाषा:**

(१) बिषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

**क**) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७९ लाई सम्झनु पर्दछ।

**ख**) "गाउँपालिका" भन्नाले खनियाबास गाउँपालिका भन्ने बुझ्नु पर्दछ।

**ग**) "कार्यपालिका" भन्नाले खनियाबास गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

**घ**) "कार्यालय" भन्नाले खनियाबास गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

**ङ**) "आर्थिक सहायता" भन्नाले खनियाबास गाउँपालिकाबाट प्रदान गरिने विभिन्न प्रकारको आर्थिक सहयोगलाई सम्झनु पर्दछ।

## परिच्छेद – २
## आर्थिक सहायता सम्बन्धि मापदण्ड

**३. खनियाबास गाउँपालिकाले प्रदान गर्ने आर्थिक सहायताको मापदण्ड देहाय बमोजिम हुनेछ। :-**

(१) **दुर्घटना:** गाउँवासी कुनै ठुलो दुर्घटनामा परि अंगभंग हुन गई तत्काल उपचार गराउनु पर्ने अवस्था भएको तर गरिबी विपन्नताको कारण पारिवारिक आर्थिक स्रोत नभएको अवस्थामा निजलाई अवस्था हेरी एकपटकमा १० हजार सम्म उपलब्ध गराउन सकिनेछ।

(२)**दिर्घरोगि:** गाउँवासीहरु मध्ये दिर्घरोगि (किड्नी फेल तथा डाईलसिस गर्ने अवस्थामा, मुटुको उपचार, क्यान्सर आदि) लागेका अवस्था भएको तर गरिबी र विपन्नताको कारण पारिवारिक आर्थिक स्रोत नभएकाले उपचार गराउन नसकी समस्यामा परेको व्यक्तिलाई अवस्था हेरी एक पटकमा १२ हजार सम्म उपलब्ध गराउने।

(३)**असहाय:** यस गाउँपालिकामा बसोबास गर्ने कुनै व्यक्तिको एकघरको परिवार, सहोदर नाता लाग्ने व्यक्ति र कुनै प्रकारको आफन्तजन नभई बेवारिशे अवस्थामा रहेको र अन्यको आश्रय लिनु परेमा, आर्थिक उपार्जन तथा काम गरि खान नसक्ने अवस्था भएको गाउँवासीले सहयोग माग गरेमा त्यस्ता असहायको अवस्था हेरी एक पटकमा रु.५ हजार देखि १० हजार सम्म प्रदान गर्न सकिने छ ।

(४)**आगलागी, बढी-पहिरो पिडित :** यस गाउँपालिकामा बसोबास गर्ने कुनै व्यक्तिको घर साथै अन्य सम्पत्ति सामान्य आगलागी तथा बाढी पहिरोबाट क्षतिग्रस्त भई आर्थिक समस्याको कारण खान बस्नमा तत्काल समस्या भएमा निजको अवस्था हेरी एक पटकमा रु.१० हजार सम्म उपलब्ध गराइने छ । * दिर्घकालिन ब्यबस्थापनको लागि भने **"बिपद ब्यबस्थापन कोष संचालन कार्यविधि, २०७५"** अनुसार हुनेछ ।

(५)बन्यजन्तुले घर, गोठ, घरपालुवा जनावर र बालीनालीमा क्षति पुर्याएमा स्थानीय सर्जमिन एबम वडा कार्यालयको सिफारिसका आधारमा बढीमा रु.१० हजार सम्म दिने सकिनेछ ।

(६)यस कार्यविधिको दफा ३ (१), (२), (३) र (४) बमोजिमको सहायता खनियाबास गाउँपालिकाको हकमा गाउँपालिकाको अध्यक्षले र वडा कार्यालयको हकमा वडा अध्यक्षको सिफारिसमा गाउँपालिकाबाट उपलब्ध गराइने छ ।

(७)कार्यविधि दफा ३(५) बमोजिम उपलब्ध हुने आर्थिक सहायताको सिफारिस गर्दा सम्बन्धित वाद अध्यक्षले पिडित व्यक्तिले अन्यत्र कुनै सरकारी निकायबाट सहायता नलिएको वा सहायता प्राप्त गर्ने सम्भावना नरहेको अवस्थामा मात्र सिफारिस गर्नुपर्नेछ ।

(८)कार्यविधिको दफा ३(५) बमोजिम बन्यजन्तु पिडित व्यक्तिले अन्य सरकारी निकायबाट आर्थिक सहायता लिएको पाइएमा सिफारिस कर्ताबाट सिफारिस बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

* पहिलो संसोधन: २०८१/११/०७ को हिउँदे गाउँसभाबाट

(९)संघ संगठन: यस गाउँपालिकामा स्थापना भएको, दर्ता भएको, सुचिकृत भएको र गाउँपलिकाको क्षेत्रमा हित अनुकुल हुने गरि संजाल र महासंघ प्रकृतिका संघ, संगठनले आयोजना गरेका सामाजिक कार्यहरुमा गाउँपालिकाबाट देहाय बमोजिम आर्थिक सहायता प्रदान गरि सहकार्य गरिनेछ । उक्त कार्यक्रम जिल्ला वा गाउँको पर्यटन प्रबर्द्धन, गाउँको विकास लगायतका क्षेत्रमा सकारात्मक प्रभाब पार्ने हुनु पर्नेछ । क्लब, आमा समूह, झाँक्री समूह, गुम्बा ब्यबस्थापन समिति तथा अन्य संघ संस्थाहरुलाई वार्षिक साधारण सभा, वार्षिक नियमित कार्यमा सहयोग प्रदान हुने छैन तर सो संघसंस्थाहरुको अगुवाईमा गाउँपालिका भित्र संचालन हुने ल्होसार कार्यक्रम, झाँक्रीनाच प्रदर्शन, संस्कृतिक कार्यक्रम, खेलकुद कार्यक्रम, प्रतियोगितात्मक कार्यक्रमहरुमा भने गाउँ कार्यपालिकाको बैठकको निर्णयानुसार आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ ।

(९.१) **वडा गाउँ र जिल्ला स्तर कार्यक्रम**

(क) गाउँ स्तरका संघ / संस्थाले आयोजना गरेको कार्यक्रममा वडा सिफारिस अनुसार कार्यपालिका बैठकको निर्णयानुसार आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ ।

(ख) जिल्ला स्तरको संघ / संगठनले आयोजना गरेको कार्यक्रमको प्रकृति र अवस्था हेरी गाउँपालिका अध्यक्षको सिफारिस अनुसार कार्यपालिका बैठकको निर्णय बमोजिम आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ ।

(९.२) **प्रदेश र केन्द्र स्तरको कार्यक्रम**

(क) प्रदेश स्तरको संघ / संगठनले आयोजना गरेको कार्यक्रमको प्रकृति र अवस्था हेरी एक गाउँपालिका अध्यक्षको सिफारिसमा गाउँसभाको निर्णय बमोजिम आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद – ३

## आर्थिक सहायता भुक्तानी प्रक्रिया

४. **भुक्तानी प्रक्रिया:** गाउँपालिका अध्यक्षको तोक आदेशमा आर्थिक सहायताको भुक्तानी प्रकृया देहाय बमोजिम हुनेछ ।

(१)मानवीय सहायता : दफा ३ को उपदफा (१), (२), (३) र (४) बमोजिमको आर्थिक सहायताको भुक्तानी गर्दा देहाय बमोजीम हुनेछ ।

क) निवेदन, नागरिकता, आवश्यकता अनुसार वडा कार्यालयको सिफारिस

ख) उपचारको हकमा आधिकारिक पत्र भएको हुनु पर्नेछ ।

(२)संघ / संगठनको हकमा आधिकारिक पत्र भएको हुनु पर्नेछ ।

(३)सहायता रकम चेक मार्फत उपलब्ध गराउनु पर्नेछ ।

(४)गाउँसभाले बिनियोन गरेको बजेटको परिधिभित्र रही एक व्यक्ति, संघ संगठनलाई एक वर्षमा एकै प्रकृतिको बिषयमा एक पटक भन्दा बढी आर्थिक सहयोग गरिने छैन ।

## परिच्छेद – ४

## बिबिध

५. **संसोधन तथा परिमार्जन:** गाउँपालिकाबाट आवश्यक परेको खण्डमा गाउँकार्यपालिकाको निर्णय बमोजिम यस कार्यविधिलाई संसोधन तथा परिमार्जन गर्न सकिनेछ ।

६. **यसै बमोजिम भए गरेको मानिने:** यस कार्यविधि स्वीकृत हुनु पुर्व भएका सम्पूर्ण आर्थिक सहायताहरु यसै कार्यविधि बमोजिम हुने गरेको मानिनेछ ।

७. **वाधा अड्काउ फुकाउने अधिकार:**

क) यस कार्यविधिको कार्यन्वयनको सिलसिलामा कुनै वाधा अड्काउ परेमा सो फुकाउने अधिकार बिधायन समितिको सिफारिसमा कार्यपालिकाको हुनेछ ।

ख) तर प्रचलित ऐन, कानुन, नियम र यस कार्यविधिको मुलभूत कुरालाई असर गर्ने गरि वाधा अध्काउ फुकाउने अधिकार प्रयोग गर्न सकिने छैन ।

**आज्ञाले**

**छोईसाङ तामाङ**

**प्रमुख प्रशासकीय अधिकृत**

खनियाबास गाउँपालिका,दार्खा, धादिङ